गोगो फाउण्डेशन (असल शासन फाउण्डेशन) Good Governance Foundation
GoGo Foundation
जि.प्र.का. काठमाडौं द.नं. ३५५/२०६५/६६
स.क.प. काठमाडौं आ.नं. २६१५६/२०६५/६६
पान नं. ३०३७६६१२४
अनामनगर, का.म.पा. ३२, काठमाडौं, नेपाल

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process.

Our Ref:

# 'अप्पन शिक्षा'
## रेडियो कार्यक्रम

गोगो फाउण्डेशनले 'हाम्रो शिक्षा' परियोजनाको तराईका तीनवटा जिल्लाहरूका सामुदायिक विद्यालयहरूमा सुशासनका लागि जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यले मैथली भाषामा **'अप्पन शिक्षा'** रेडियो कार्यक्रम शुरू गरेको छ । रेडियो कार्यक्रमले स्थानीय विद्यालयको पठनपाठनमा सुधारका लागि विद्यालय व्यवस्थापन समितिलगायत शिक्षक र अभिभावकलाई विद्यालय सुधारमा योगदान गर्न उत्प्रेरित गर्ने लक्ष्य लिएको छ ।

'अप्पन शिक्षा' कार्यक्रम २०७४ साल असार २४ गते शनिबारदेखि महोत्तरी, धनुषा र सिराहा जिल्लाका ६ वटा स्थानीय एफएमहरूबाट हरेक शनिबार विहान प्रसारण गर्ने व्यवस्था मिलाइएको छ । पहिलो चरणमा यो कार्यक्रम स्थनीय एफएम रेडियोसँगको सहकार्यमा आधा घण्टा लामो म्यागजिन ढाँचामा २४ वटा श्रृंखलामा प्रसारण गरिने छ ।

यो कार्यक्रम प्रसारण गर्नुअघि विद्यालय सुशासनसम्बन्धी विविध विषयका बारेमा स्थानीय सरोकारवालाहरूसँग २०७४ साल बैशाख २८ र २९ गतेमा जनकपुरमा दुई दिने छलफल कार्यक्रम आयोजना गरी रेडियो कार्यक्रमको प्रत्येक अंकमा समेट्नु पर्ने विषय तय गरिएको थियो ।

कार्यक्रममा शिक्षासम्बन्धी ऐन, नियम तथा विभिन्न कानुनी व्यवस्थाका बारेमा जानकारी दिइनेछ । साथै कार्यक्रममा उत्प्रेरणामुलक सामग्री, शिक्षासम्बन्धी फिल्ड रिपोर्ट, विद्यार्थी, शिक्षक, अभिभावकलगायतका गतिविधिहरू र विद्यालय सुधारसम्बन्धी सुझाव तथा गुनासाहरूलाई समेटेर प्रसारण गरिनेछ ।

'अप्पन शिक्षा' कार्यक्रम धनुषाको रेडियो मिथिला १००.८ र जनकपुर एफएम १०१.८, महोत्तरीको रेडियो रूद्राक्ष १८८ र रेडियो गौशाला ९३.६ तथा सिराहाको रेडियो समग्र १०७ अनि रेडियो सलेश ८८.८ मेगाहर्जबाट प्रत्येक शनिबार विहान ७:३० बजे प्रसारण हुँदै आएको छ ।

यूरोपियन युनियनको आर्थिक सहयोग तथा सर्च फर कमन ग्राउण्ड र NCE Nepal सँगको सहकार्यमा गोगो फाउण्डेशनले स्थानीय रेडियो मिथिलासँग मिलेर यो कार्यक्रम उत्पादन गरी प्रसारण गर्दछ ।

'अप्पन शिक्षा' रेडियो कार्यक्रमको पहिलो अंकमा शिक्षा सचिव शान्तबहादुर श्रेष्ठलगायत शिक्षाको क्षेत्रका जिम्मेवार अधिकारीहरूले शुभकामना सन्देश दिएर हौसला प्रदान गर्नुभएको थियो ।